नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिँहदरबार, काठमण्डौं

(स्थानीय तह समन्वय शाखा)

प.स. : ०७७।७८

च.न.: ५०५

मिति २०७८।०२।१९

श्री गाउँपालिका /नगरपालिका, (सबै)

विषयः कोभिड-१९को विश्वव्यापी महामारीको अवस्थामा गरिने शीघ्र कुपोषणको एकीकृत व्यवस्थापनको लागि अन्तरीम निर्देशिकाको थप जानकारी।

स्वास्थ्य तथा जनसख्या मन्त्रालय, स्वास्थ सेवा विभाग, परिवार कल्याण महाशाखाको मिति २०७८।२।१६ को च.न. ११९७ को पत्रसाथ प्राप्त कोभिड-१९को विश्वव्यापी महामारीको अवस्थामा गरिने शीघ्र कुपोषणको एकीकृत व्यवस्थापनको लागि जारी अन्तरीम निर्देशिकामा वर्तमान परिवेशलाई ध्यानमा राखि मध्यम तथा कडा शीघ्र कुपोषणको उपचार थप सहज बनाउने गरी तयार भएको निर्देशिका यसैसाथ संलग्न गरी पठाइएको ब्यहोरा आदेशानुसार अनुरोध छ।

..................

जनकराज शर्मा

शाखा अधिकृत

**बोधार्थः**

श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं,

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**परिवार कल्याण महाशाखा**
टेकु, काठमाडौं।

☎ ४२६१६६० ४२६२२६३ (Fax) ४२१९०१८ ४२२५५५८ ४२६६५७३

५१

प.सं.:– ०७७/७८
च.नं.:– ९९१६

मिति: २०७८/०२/१६

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहदरबार काठमाडौँ

**विषय: कोभिड-१९ को विश्वव्यापी महामारीको (मानवीय संकट) अवस्थामा गरिने शिघ्र कुपोषणको एकिकृत व्यवस्थापनको लागि अन्तरिम निर्देशिकाको थप जानकारी सम्बन्धमा**

प्रस्तुत बिषयमा स्वास्थ्य सेवा विभागको मिति २०७७/१/१३ गते कोभिड -१९ को बिश्वब्यापी महामारीबाट उत्पन्न मानविय संकटको सन्दर्भमा शिघ्र कुपोषणको एकिकृत व्यवस्थापनको लागि जारि गरिएको अन्तरिम निर्देशिकामा बर्तमान परिवेशलाई ध्यानमा राखि मध्यम तथा कडा शिघ्र कुपोषणको उपचार सहज बनाउन स्वास्थ्य सेवा बिभागको मिति २०७८/२/१४ को निर्णय अनुसार निम्न कुराहरु समाबेस गरिएकोले स्थानिय तहहरुमा लागु हुने गरि सम्पूर्ण स्थानिय तह अन्तर्गतका स्वास्थ्य शाखाहरु तथा स्वास्थ्य संस्थाहरुलाई सहजिकरण तथा समन्वयको लागी सहयोग गरिदिनुहुन अनुरोध छ।

**१) मेडिकल जटिलता नभएका मध्यम तथा कडा शिघ्र कुपोषित बालबालिकाको व्यवस्थापन**

- ६ महिना देखि ५९ महिना सम्मका बालबालिकाको बाया पाखुराको मध्य भागको परिधि नाप लिएर पोषणको अवस्था पत्ता लगाउने र यदि बच्चा कडा शिघ्र कुपोषित (पाखुराको नाप ११.५ सेन्टिमिटर भन्दा कम) र मध्यम शिघ्र कुपोषित (पाखुराको नाप ११.५ सेन्टिमिटर वा सो देखि १२.५ सेन्टिमिटर सम्म) छन भने ती बालबालिकाहरुलाई बहिरंग उपचार सेवा केन्द्रमा (OTC) मा दर्तागर्ने ।
- त्यस्तै गरि बालबालिका पोषणजन्य कारणले सुन्निएको हो/होईन पत्ता लगाउने र पोषणजन्य कारणले सुन्निएको भए त्यसलाई कडा शिघ्र कुपोषित बालबालिका सरह उपचार गर्ने ।
- पाखुराको नापबाट पोषणको अवस्था पत्ता लगाई सकेपछि मध्यम तथा कडा शिघ्र कुपोषित बालबालिकाहरुको तयारि उपचारात्मक खानाबाट भोक जाच गर्ने।
- भोक जाच पास गरिसके पछि भोक जाच पास भएका तथा मेडिकल जटिलता नभएका मध्यम तथा कडा शिघ्र कुपोषित बालबालिकालाई बहिरंग उपचार सेवा केन्द्रमा यसको प्रोटोकल अनुसार विस्तृत विवरण सहित (परिवार र सम्बन्धित क्षेत्रको महिला स्वास्थ्य स्वयं सेविको विस्तृत जानकारी सहित) दर्ता गर्ने ।
- यसरी दर्ता भएका बालबालिका मध्ये कडा शिघ्र कुपोषित (पाखुराको नाप ११.५ सेन्टिमिटर भन्दा कम) भए उनीहरुलाई प्रति व्यक्ति दैनिक दुई प्याकेट तयारी उपचारात्मक खाना (RUTF) एक महिनाका लागि उपलब्ध गराउने र त्यसपछि फलोअपमा बोलाउने ।
- त्यस्तै, यदि बालबालिकाहरु मध्यम शिघ्र कुपोषित भए उनीहरुलाई प्रति व्यक्ति दैनिक १ प्याकेट तयारी उपचारात्मक खाना (RUTF) एक महिनाका लागि उपलब्ध गराउने र त्यसपछि फलोअपमा बोलाउने ।
- फलोअपमा बोलाइएका बालबालिकाहरुलाई आवश्यक लेखाजोखा गरि पुन एक महिनाको लागि आवश्यक परामर्श गरि साबिक बमोजिम उपचारात्मक खाना दिने र दोश्रो महिनाको अन्तमा पुन; फलोअपमा बोलाउने।
- तयारि उपराचारात्मक खाना सुरु गरेको दोश्रो महिनाको अन्तमा फलोअपको समयमा पोषणको लेखाजोखा गर्ने। लेखाजोखा गर्दा बच्चाको पाखुराको नाप १२.५ सेन्टिमिटर वा सो भन्दा माथि पुगेको छ भने थप एक हप्ताको तयारि उपचारात्मक खाना दिने र प्रभावकारी परामर्श सहित डिस्चार्ज गरि घर पठाउने ।

Scanned with CamScanner

☎
४२६१६६०
४२६२२६३
(Fax)
४२१९०१८
४२२५५५८
४२६६५७३

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**परिवार कल्याण महाशाखा**
टेकु, काठमाडौं ।

८८५/

प.सं.:- ०७७/७८
च.नं.:- ३७५६

- मध्यम कुपोषित बालबालिकालाई तयारी उपचारात्मक खानाको साथै घरमा उपलब्ध खानेकुराहरुको प्रयोग गरि पोषिलो खाना बनाएर खान पनि सल्लाह दिने । तर आमाको दूध खाने कडा शिघ्र कुपोषित बालबालिकालाई आमाको दूध, सुरक्षित पानी तथा तयारी उपचारात्मक खाना मात्र खान सल्लाह दिने । यदि बच्चा आमाको दूध नखाने भए सुरक्षित पानी र तयारी उपचारात्मक खाना मात्र खान सल्लाह दिने ।
- यदि बच्चा एक महिनाको फलोअपमा आउदा सो बच्चाको तौलमा वृद्धि भएको छैन भने कुनै मेडिकल कारण पनि हुन सक्छ भन्ने सोची थप अनुसन्धानका लागि उपयुक्त साधन सम्पन्न अस्पताल वा अन्तरंग सुबिधा भएको ठाउमा रेफर गर्ने।
- उपचारमा रहेका मध्यम तथा कडाशिघ्र कुपोषित बालबालिकाहरु बहिरंग सेवामा फलोअपका लागि आएनन भने महिला स्वयम् सेवकहरुको माध्यमबाट सम्बन्धित परिवार संग सम्पर्क गरि फलोअपमा ल्याउने ।

**२)सामान्य मागदर्शन:**

- आपतकालिन अवस्थामा तयारी उपचारात्मक खाना, प्रणालीवद्ध औषधि र अन्य सामग्रीहरुको पर्याप्त मौज्दात रहेको सुनिश्चित गर्ने ।
- मध्यम तथा कडा शिघ्र कुपोषित बालबालिकालाई उपचार सुरु गरेको मितिबाट एक हप्तापछि घरमै खानको लागि जुकाको औषधि (अल्वेण्डाजोल) दिएर पठाउने ।
- भर्ना भएका मध्यम तथा कडा शिघ्र कुपोषित बालबालिकालाई स्वास्थ्यकर्मी वा म.स्व.स्वं.से. ले फोनको माध्यमबाट अनुगमन गर्ने ।
- कोभिड-१९ को संक्रमण वा आशंकाको त्रासले बहिरंग उपचार सेवा केन्द्र जान नमानेका मध्यम तथा कडा शिघ्र कुपोषित बालबालिकालाई घरमै गई सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।
- मध्यम तथा कडा शिघ्र कुपोषित बालबालिकाको बहिरंग उपचार सेवा केन्द्रमा व्यवस्थापन गर्दा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरु पालना गर्ने।
- कडा शिघ्र कुपोषण भएका ६-५९ महिनाका बालबालिकालाई यदि उसले एफ-७५, एफ-१००वा तयारी उपचारात्मक खानपाई राखेको छ भने पूरक भिटामिनको रूपमा धेरै मात्राको (high dose) भिटामिन ए दिनुपर्दैन ।
- शिघ्र कुपोषणको व्यवस्थापनको लागि शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन लागु भएका जिल्लाका स्थानिय तह सम्बन्धित महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका, स्वास्थ्य सस्था र स्वास्थ्य शाखाको लागि संचार, यातायात तथा उत्प्रेरणा खर्च राखिएको हुनाले उक्त खर्च स्वास्थ्य सेवा बिभागको बजेट खर्च निर्देशिका अनुसार गर्ने ।
- निर्देशिकामा उल्लेखित भन्दा बाहेक अन्य सबै कार्य नेपाल सरकारको राष्ट्रिय IMAM प्रोटोकल अनुसार गर्ने ।

**बोधार्थ:**

१) श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठमाडौं
२) श्री प्रादेशिक स्वास्थ्य निर्देशानलय, सातै प्रदेश
३) श्री स्थानीय तह, ७५३ वोटै

.......................
डा. तारानाथ पोखेल
निर्देशक

**निर्देशक**

Scanned with CamScanner